# एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)
## Unified Communist Party of Nepal (Maoist)
## केन्द्रीय समिति
## Central Committee

प.सं. :-
च.नं. :-

# प्रेस-वक्तव्य

पिपले-८, भण्डारा चितवनमा ग्रिनेट विष्फोटनमा परी एकै परिवारका तीन जनाको असामयिक निधन भएको र अन्य चारजना गम्भीर घाइते भएको खबरले हामीलाई स्तब्ध र दुःखित बनाएको छ । हाम्रो पार्टी सो घटनामा मृत्यु हुने जनताप्रति श्रद्धाञ्जली प्रकट गर्दछ र मृतकका परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

केही दिन पहिले माडी क्षेत्रको सामुदायिक जङ्गलमा जनताद्वारा विरोध हुँदाहुँदै सशस्त्र प्रहरीले तालिम सञ्चालन गरेको र त्यसक्रममा छोडिएको ग्रिनेटलाई अज्ञानतावस केटाकेटीहरूले घरमा ल्याएको र अचानक विस्फोट हुन गएकोले जनताको ज्यान गएको छ ।

सरकारद्वारा जनताको जीवनप्रतिको खेलवाड र सशस्त्र प्रहरीको लापर्वाहीका कारण त्यो घटना भएको छ । हाम्रो पार्टी त्यसको घोर विरोध एवम् निन्दा गर्दछ, र मृतकहरूको परिवारलाई तुरुन्तै क्षतिपूर्ति र घाइतेजनको अविलम्ब निःशुल्क उपचारको व्यवस्था गर्न सरकारसँग जोडदार माग गर्दछ ।

*२०६६ पुस १३ गते*

दीनानाथ शर्मा
प्रवक्ता

Parisdanda, Koteshwor, Kathmandu Phone :- 01-4602290 , 4602288 Fax :- 01-4602289 e-mail :- ucpnm.chq@gmail.com